त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

# स्नातक (B.Sc.Ag.) तहको रिक्त कोटामा विद्यार्थी भर्ना सम्बन्धी सूचना।

**प्रकाशित मितिः २०८२/०७/१३ गते**

शैक्षिक वर्ष २०८२/०८३ को लागि यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा सञ्चालन हुने कृषि/वागवानी (B.Sc.Ag./Hort.) र पशु चिकित्सा (B.V.Sc.&A.H.) विषयको स्नातक तहको भर्नाका लागि मिति २०८२।०७।०२ गते प्रकाशित सूचना बमोजिम मिति २०८२।०७।१२ गते संचालित भर्ना कार्यक्रमबाट रिक्त रहन गएका तपशिल बमोजिम कृषि विज्ञान विषयमा रिक्त रहन गएका सिटमा भर्नाका लागि सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तालिका १: कृषि स्नातक तहको रिक्त कोटासम्बन्धी विवरण**

| कोटा विवरण | बि.एस्सी.कृषि/वागवानी | | | | |
|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | गौरादह | नेपाली सेना | जम्मा |
| मेरिट कोटा | | | १० | | १० |
| छात्रा | | | | | |
| खुला | | | २ | | २ |
| दलीत | | | | १ | १ |
| मुस्लीम | | - | - | - | |
| आदिवासी-जनजाती | | | १ | १ | २ |
| मधेसी | | | | | |
| खुला | | | १ | १ | २ |
| दलित | - | - | १ | - | १ |
| दलित | | | १ | - | १ |
| अपाङ्ग | १ | १ | १ | - | ३ |
| मुश्लिम | | १ | १ | - | २ |
| थारु | १ | | १ | १ | ३ |
| दुर्गम जिल्ला | | १ | - | - | १ |
| अन्य | | | १ | - | १ |
| अध्ययन संस्थान विकास शुल्क | | ८ | १४ | ६ | २८ |
| एनेक्स कोटा | ४८ | ५० | - | ** | ९८ |
| स्थानिय कोटा | ३ | ३ | ३ | - | ९ |
| जम्मा | ५३ | ६४ | ३७ | १० | १६४ |

**स्टाफ कोटा**

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|
| सहुलियत शुल्क | १ | २ | ३ |
| पूर्ण शुल्क | १ | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | ४ | ६ |

२. **भर्ना विधि**

विद्यार्थी भर्ना तालिका २ अनुसार काउन्सेलिङ विधिबाट गरिनेछ। तोकिएको काउन्सेलिङमा उपस्थित हुन नसकेमा त्यसपछिको (सोही दिन/अन्य तोकिएको दिन) काउन्सेलिङमा उपस्थित भई रिक्त रहेका कोटाहरुको लागि भर्ना हुन सक्नेछन्। भर्ना कार्यक्रम स्नातकोत्तर भवन, कीर्तिपुरमा संचालन हुनेछ।

**तालिका २. कृषि विज्ञान विषयको भर्नासम्बन्धी काउन्सेलिङ र भर्ना समय तालिका**

| मिति | काउन्सेलिङको लाग आइपुग्नुपर्ने समय | काउन्सेलिङ समय | उपस्थित हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०८२ कार्तिक १६ गते | बिहान ११:०० बजेभित्र | ११:१५-११: ३० | मेरिट नं. ४०१ देखि माथि सबै |
| मिति २०८२।०७।१२ मा भर्ना हुन बाँकी मेरिट नं. १-४०० सम्मका विद्यार्थीहरुलाई भर्नाको लागि मौका दिइनेछ। | | | |
| मिति २०८२ कार्तिक १६ गतेको काउन्सेलिङमा तालिका नं. १ मा तोकिएको सिट संख्या पूरा नभएमा मिति २०८२।०७।२३ गते पुनः काउन्सेलिङ गरिनेछ। | | | |

त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

३. **भर्ना शुल्क सम्बन्धमा**
भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि. कीर्तिपुरमा यस अध्ययन स.स्थानको कृ.प.वि.अ.सं.डीनको कार्यालय नाममा रहेको खाता नं. ०४५००१००१०४०१९००००३ (IAAS Dean Office, A/C No. 04500100104019000003) मा रु. १०,१००।- (दश हजार एक सय मात्र) जम्मा गरी सोको सक्कल भाउचर बुझाउँनुपर्नेछ। भर्ना शुल्कमा अनलाइन ट्रान्सफरको सूविधा उपलब्ध गरिएको छैन।

४. **कृषि तर्फ अध्ययन संस्थान विकास शुल्कः-** IDF कोटामा भर्ना हुन भर्ना शुल्क र IDF कुल शुल्क रु ३,००,०००।-( तीन लाख मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,०००।-( एक लाख पचास हजार मात्र) सहित जम्मा रु १,६०,१००।-( एक लाख साठी हजार एक सय मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

५. **कृषि तर्फको एनेक्स कोटामा भर्ना** हुन एनेक्स कार्यक्रम अन्तर्गत लाग्ने जम्मा रु. ३,५०,०००।-(तीन लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम १७५००० (एक लाख पचहत्तर हजार मात्र) र भर्ना शुल्क १०,१००।- गरि जम्मा रु १८५१००।-(एकलाख पचासी हजार एक सय मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

६. IDF र एनेक्स कोटामा मिति २०८२/०७/१६ मा भर्ना हुने विद्यार्थीले मिति २०८२/०७/२१ गते ३:०० बजेसम्म तोकिएको कागजात र शुल्क बुझाउनु पर्नेछ। तोकिएको समयमा कागजात र शुल्क नबुझाएमा भर्ना रद्द गरिनेछ। भर्ना रद्द भएमा कोटा रिक्त भएको मानिनेछ। भर्नाको लागि बुझाएको रकम फिर्ता हुने छैन।

७. **स्टाफ कोटामा भर्ना सम्बन्धमा** :स्टाफ कोटामा भर्नाको लागि मिति २०८२।७।१६ गतेदेखि २०८२।०७।२१ गतेसम्म अध्ययन संस्थानले तोकेको कागजातहरु र फाराम भरी कार्यालय समयभित्र डीनको कार्यालयमा बुझाउँनुपर्नेछ। भर्ना तालिका मिति २०८२।७।२२ गतेपछि प्रकाशित गरिनेछ।

८. **भर्नाको समयमा पेश गर्नुपर्ने सक्कल कागजातहरु :**

क) रकम जम्मा गरेको बैंक भाउचर।

ख) नेपाली नागरिकताको प्रमाणपत्र।

ग) १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्क पत्र र प्रमाणपत्र (चारित्रिक वा मूल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ। कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्कसिट तथा १०+२ को लब्धाङ्क पत्र सहित तोकिएका कागजात पेश गर्नुपर्नेछ।

घ) १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU. Registration Card । स्थानान्तरण प्रमाणपत्र त्रि.वि.वा अन्य शैक्षिक संस्थामा बुझाई सकेको भए स्थानान्तरण प्रमाणपत्र बुझि लिएको सक्कल पत्र वा भर्ना भएको रसिद तोकिएको समयमा बुझाउनु पर्नेछ।

ङ) OJT पुरा गरिसकेका आवेदकहरुले पनि तोकिएको मितिमा भर्ना हुन आउँदा न्यूनतम ग्रेड (२.४ वा C+) प्राप्त गरेको ट्रान्सकृष्ट सहित सम्पूर्ण कागजात (लब्धाङ्क पत्र र प्रमाणपत्रहरु समेत) पेश गर्नुपर्नेछ। साथै OJT गरिसकेका र कक्षा १२ को Grade sheet प्राप्त गरिसकेका विद्यार्थीहरुले अन्तिम ट्रान्सकृष्ट निकाल्ने प्रक्रियामा रहेको राष्ट्रिय परीक्षा बोर्ड (NEB) को कुनै कागजात पेश गरेमा पनि भर्ना गर्न सकिनेछ।

च) नेपाल वाहेकका शैक्षिक संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ।

छ) आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

***द्रष्टव्यः** विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।*

९. **रिक्त कोटामा भर्ना सम्बन्धमा :** नियमित भर्ना प्रक्रियाका अन्तिम दिनसम्ममा कुनै कारणवस कोटाहरु रिक्त हुन आएमा स्वत : IDF कोटामा समावेश गरिनेछन्। उक्त कोटामा भर्ना गर्नका लागि २ दिनको समय दिई आवेदन माग गरिनेछ। मेरिट क्रमको आवधारमा आवेदकहरुमध्येवाट क्याम्पस चयनको अवसर दिइनेछ। भर्ना हुनका लागि सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्कभन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन्।

१०. **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.वाट सम्बन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको रोहोवरमा मेरिट सूचीको आधारमा प्रक्रिया संचालन हुनेछ। सूचना सम्बन्धित क्याम्पसबाट प्रकाशित हुनेछ। शिक्षा मन्त्रालय, नेपाल सरकाले तोकेको १०% छात्रवृत्ति कोटा निर्धारित कोटा भित्र समावेश हुनेछ। भर्ना प्रक्रियामा सूचनाहरु र भर्ना गरिएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा एक महिनाभित्र शैक्षिक प्रशासन शाखा, डीनको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

भर्नासम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

डा.पुष्पराज पौडेल
सहायक डीन एवं संयोजक
भर्ना समिति स्नातक तह